# प्रदेश सभा

# अर्थ विकास तथा प्राकृतिक स्रोत समिति

सुदूरपश्चिम प्रदेश धनगढी, कैलाली

**बैठक संख्या :- १७**

मिति २०८०।१०।०३

## छलफल तथा निर्णय

**निर्णयहरु :**

१. सुदूरपश्चिम प्रदेश सरकारले सम्वत २०८० फाल्गुण २३ र २४ गते कैलालीको धनगढीमा आयोजना गर्न लागेको "सुदूरपश्चिम लगानी तथा विकास सम्मेलन" सम्बन्धमा उक्त सम्मेलनको खाका, अवधारणा र सम्मेलनका लागि सरकारको तयारी के छ ? लगायतका सवाल बारे समितिलाई सुसूचित गराउन र सो सम्बन्धी आवश्यक छलफल गर्नका लागि आर्थिक मामीला मन्त्रीलाई समितिको आजको बैठकमा आमन्त्रण गरिएकोमा समितिका माननीय सभापति घनश्याम चौधरी, समितिका सदस्यहरु माननीय राजेन्द्र सिंह रावल, माननीय ललिता सुनार, माननीय दिर्घ बहादुर सोडारी, माननीय मान बहादुर रावल, माननीय मेघराज खड्का, माननीय शिवसिंह ओली, माननीय बहादुर सिंह थापा, माननीय चक्र बहादुर मल्ल लगायतका माननीय सदस्यहरुले सम्मेलन र त्यसको कार्यप्रक्रियाका सम्बन्धमा जिज्ञासा राख्नुभए पश्चात माननीय मन्त्रीज्यूले समितिमा उठेका जिज्ञासाहरुको जवाफ दिनुभयो।

२. लगानी तथा विकास सम्मेलनको सचिवालयसँग सम्मेलनका सम्बन्धमा देहाय बमोजिम थप जानकारी तथा विवरण माग गर्ने निर्णय गरियो:

- सरकारका तर्फबाट के कस्तो प्रक्रियाबाट सुदूरपश्चिम प्रदेशका परियोजनाहरु अगाडी सार्ने नीति लिईएको छ?
- सम्मेलनमा सुदूरपश्चिमका परियोजनाहरुको पहिचान गरी प्रदर्शन गर्नका लागि के कस्तो मापदण्ड तय गरिएको छ?
- लगानी सम्मेलनका लागि गठन गरिएका विभिन्न समितिका सदस्यहरुको विवरण, समिति गठनको मापदण्ड र समितिका सदस्यहरुको कार्यविवरण के के निर्धारण गरिएका छन?

३. समितिको अर्को बैठक मिति २०८०।१०।०४ गते दिउँसो २:०० बजे बस्ने गरी आजको बैठक स्थगित भयो ।